# उच्च अदालत पाटनबाट जारी सूचना

कोरोना भाइरसको बढ्दो संक्रमणको कारण निषेध आदेश समेत जारी भएको सन्दर्भमा यस अदालतको मिति २०७८।०१।१५ को पूर्ण बैठकको निर्णयबाट यस अदालतबाट प्रवाह भै आएको सेवामा संकुचन भएकोमा संक्रमणको जोखिमको अवस्था तथा जारी निषेध आदेश पछिल्ला दिनहरूमा केही खुकुलो हुँदै गएको अवस्था समेतलाई विचार गरी उच्च अदालत बार एसोशिएसन पाटन लगायतका सरोकारवालाहरूसँगको छलफल र प्राप्त पृष्ठपोषण समेतलाई मध्यनजर गरी पूर्ण बैठकको यस अघिका विभिन्न मितिका निर्णयबाट क्रमशः सेवा विस्तार गर्दै लगिएकोमा उपत्यकाका (काठमाण्डौ, भक्तपुर र ललितपुर) जिल्लाहरुमा सार्वजनिक यातायात आजैबाट संचालनमा आइ सकेको हुँदा मिति २०७८/०३/२३ देखि देहायका सेवाहरु विस्तार गरिएको व्यहोरा मिति २०७८/०३/२२ को पूर्ण बैठकको निर्णयानुसार सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

<u>देहायः-</u>

क) मिति २०७८।०१।१६ बाट संकुचन गरिएको सेवामा यस अघि गरिएको विस्तार र सो को व्यवस्थापनलाई निरन्तरता दिने ।

ख) सबै प्रकारका पुनरावेदन, निवेदन तथा रिट निवेदनहरूसमेत स्वास्थ्य सुरक्षाका मापदण्डहरूको अनिवार्य रूपमा पालना गर्ने गराउने गरी क्रमशः दर्ता र सुनुवाई गर्दै जाने व्यवस्था मिलाउने ।

ग) काठमाडौं उपत्यका भित्र सार्वजनिक यातायात संचालनमा आइसकेको सन्दर्भमा काठमाडौं उपत्यकाभित्र रहनु भएका हदम्याद, म्याद तथा तारेखमा यस अदालतमा उपस्थित हुनु पर्ने अवस्थाका सेवाग्राहीहरू मिति २०७८।०३।२३ गतेबाट ३० (तीस) दिनभित्र यस अदालतमा उपस्थित हुनु पर्ने, (अदालतको सहजताका लागि मुद्दाका पक्षहरुले सम्भव भएसम्म जुन बारको तारेख तोकिएको छ सोही बारमा उपस्थित भइदिए सहज हुने) तथा काठमाडौं उपत्यका बाहिर रहनु भएका यस अदालतमा हदम्याद, म्याद, तारेखमा उपस्थित हुनु पर्ने अवस्थाका सेवाग्राहीहरू काठमाडौं उपत्यकामा आउन जान सार्वजनिक सवारी यातायात संचालनमा आएपछि ३० (तीस) दिनभित्र उपस्थित हुनु पर्ने । तर यस्तो सुविधा पाउने अवस्थाका सेवाग्राही सो अवधि भन्दा अगावै सेवा लिन आएमा स्वास्थ्य सुरक्षाका मापदण्डको अनिवार्य रूपमा पालना गरी कानून बमोजिमको न्यायिक सेवा प्रदान गर्न सकिने ।

घ) मुद्दा तथा निवेदन दर्ता तथा सोको कारवाही सम्बन्धमा आवश्यक व्यवस्थापकीय औजारहरूको प्रयोग गरी व्यवस्थापन गर्न अदालत व्यवस्थापनले कार्य योजना बनाई सूचित गर्ने व्यवस्था मिलाउने।

ङ) पेशी तथा सुनुवाई व्यवस्थापन सम्बन्धमा संक्रमणको अवस्था समेतलाई मध्येनजर गरी उपयुक्त व्यवस्था गर्दै जाने नीति अवलम्बन गर्ने, गराउने।

अमृता कुमारी शर्मा

प्रवक्ता

मितिः-२०७८/०३/२२